सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

मिनी कोल्ड स्टोर तथा सटरसहितको भवन सञ्चालन तथा व्यवस्थापनका लागि ७ दिने सिलबन्दी प्रस्ताव/दरभाउपत्र आह्वान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८३/०७/१२

सन्धिखर्क नगरपालिका वडा नं. १ मा निर्मित मिनी कोल्ड स्टोर तथा सटरसहितको भवन कृषि उपजको सङ्कलन, भण्डारण, बजारीकरण तथा बिक्री वितरणका लागि प्रचलित कानुन र "सन्धिखर्क नगरपालिकाको कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०८३" बमोजिम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक योग्य संस्था, समूह, सहकारी, फर्म वा कम्पनीबाट रितपूर्वकको प्रस्ताव आह्वान गरिन्छ।

उपलब्ध सेवा तथा शर्तहरू:

- नगरपालिकाले देहायको संरचना एकमुष्ट रूपमा सञ्चालन तथा व्यवस्थापनका लागि उपलब्ध गराईनेछः
  - १२ वटा सटर;
  - ४ वटा मिनी कोल्ड च्याम्बर;
  - भूईंतल्लाको १ वटा बहुउद्देश्यीय हल सहित भवन अगाडिको खुला क्षेत्र।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:

- आ.व. २०८३/८४ सम्म मान्य हुने फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- सञ्चालक/अधिकृत प्रतिनिधिको नागरिकताको प्रतिलिपि।
- कार्ययोजना, कबोल अङ्कसहितको आर्थिक प्रस्ताव र शर्त स्वीकार गरेको स्वघोषणा पत्र।
- (ऐच्छिक) कोल्ड स्टोर/कृषि उपज व्यवस्थापन सम्बन्धी अनुभवको प्रमाण।

२. **प्रस्ताव फारम खरिद तथा पेश गर्ने प्रक्रिया:**

- फारम दस्तुरः रु. १,०००/- (फिर्ता नहुने)।
- बैंक खाता विवरणः राष्ट्रिय वाणिज्य बैंक, सन्धिखर्क स्थित खाता नं. ३०५०१००३०१०१०००२।
- फारम खरिद गर्ने अन्तिम मितिः २०८३/०७/१८ गते कार्यालय समयभित्र।
- सिलबन्दि दरभाउपत्र बुझाउने अन्तिम मितिः २०८३/०७/१९ गते दिनको १२:०० बजेसम्म।
- सिलबन्दि दरभाउ पत्र खोल्ने मिति र समयः दर्ता भएका प्रस्ताव/दरभाउपत्रहरू प्रस्तावदाताको प्रतिनिधीको रोहबरमा यसै कार्यालयमा मिति २०८३/०७/१९ गते दिनको १:०० बजे खोलिनेछ।प्रस्तावदाताको प्रतिनिधी उपस्थिति हुन नसकेमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन।

३. **मुख्य शर्त तथा व्यवस्थाहरू:**

- **भाडादरः** सम्पूर्ण संरचनाको न्यूनतम मासिक भाडा कर बाहेक रु. ४०,०००।- (चालिस हजार रूपैया मात्र)तोकिएको छ। इच्छुक प्रस्तावदाताले सो रकमभन्दा कम नहुने गरी आफूले कबोल गर्न चाहेको मासिक भाडा रकम स्पष्ट रूपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ।
- **भवन सञ्चालन तथा व्यवस्थापनः** प्रारम्भिक सम्झौता अवधि ३ (तीन) वर्ष हुनेछ। सम्झौता अवधिभर कबोल गरिएको वार्षिक भाडा रकममा वृद्धि गरिने छैन। ३ वर्षको अवधि समाप्त भएपछि कम्तिमा १० प्रतिशत भाडा रकम वृद्धि गरी सम्झौताको म्याद थप गर्न सकिनेछ। यसरी म्याद थपहुने अवधिका शर्तहरू द्विपक्षीय सम्झौता बमोजिम गरिनेछ।
- **छनोटको आधारः** सबैभन्दा बढी वार्षिक भाडा कबोल गर्ने प्रस्तावदातालाई छनोट गरिनेछ। अङ्क बराबर भएमा अनुभव, कार्ययोजना वा गोलाप्रथाबाट निर्णय गरिनेछ।
- **धरौटी रकमः** स्वीकृत प्रस्तावदाताले सम्झौता गर्नुअघि वार्षिक भाडाको ५ प्रतिशत धरौटी जम्मा गर्नुपर्नेछ।
- **भाडा भुक्तानीः** कबोल भाडा रकम चौमासिक रूपमा (चौमासिक सकिएको १० दिनभित्र) दाखिला गर्नुपर्नेछ तर आर्थिक वर्ष भित्रको भाडा रकम सोही आर्थिक वर्षको अन्तिम महिनामा दाखिला गर्नुपर्नेछ।
- **सञ्चालन खर्चः** विद्युत्, पानी, सरसफाइ, सञ्चार, कर्मचारी तथा मर्मतसम्भार खर्च सञ्चालक स्वयंले व्यहोर्नुपर्नेछ।
- **स्थानीय कृषकलाई प्राथमिकताः** अर्घाखाँची जिल्लाका कृषकको कृषि उपज तोकिएको भाडा दरमा अनिवार्य भण्डारण गरिदिनुपर्नेछ।
- कोल्ड स्टोर तथा भवन सञ्चालन सँग सम्बन्धित विद्युत्, पानी, सरसफाइ, सञ्चार, कर्मचारी/कामदार, नियमित सञ्चालन, मर्मत-सम्भार तथा अन्य उपभोग जन्य खर्च प्रस्तावदाताले स्वयं व्यहोर्नुपर्नेछ। भवन तथा कोल्ड स्टोरमा कृषि तथा पशुजन्य उत्पादनको संकलन, भण्डारण तथा बिक्री वितरण मात्र गर्नुपर्नेछ।
- **बीमा र क्षतिपूर्तिः** भण्डारण गरिएको कृषि उपजको १००% बीमा शुल्क सञ्चालकले व्यहोर्नुपर्नेछ। कुनै हानि-नोक्सानी भएमा बीमाले नव्यहोरेको रकम सञ्चालकले क्षतिपूर्ति दिनुपर्नेछ र भवन तथा कोल्ड च्यामबरको बीमा नगरपालिकाले गर्नेछ।
- कोल्डस्टोरेजको सम्पूर्ण प्राविधिक, आर्थिक तथा प्रशासनिक पक्ष स्वयं संचालकले व्यवस्थापन गर्नु पर्नेछ।
- अन्य शर्तहरू स्वीकृत कार्यविधि तथा सम्झौता-पत्रमा उल्लेख भएबमोजिम हुनेछन्।

(थप जानकारीका लागि सन्धिखर्क नगरपालिकाको कृषि विकास शाखा, सम्पर्क नं. ९८५११५२७५४ - राम बहादुर थापा, कृषि विकास अधिकृतसँग सम्पर्क गर्न सकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत